**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**

नागढुंगा, पोखरा-९, फोन नं : 061-589012

544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड

साथै

तुरुन्त क्यालेण्डर पुस्तक,

स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १६५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असार १६ गते मंगलबार ❑ 30 June 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## घट्दै रोपाइँको क्षेत्रफल

**पोखरापत्र संवाददाता**

पोखरा, १५ असार

गण्डकी प्रदेशमा धान रोपाइँको क्षेत्रफल बर्सेनि घट्दै गएको पाइएको छ । चार वर्षअघि ९७ हजार ७६९ हेक्टर क्षेत्रफलमा बर्खे धान रोपिएको थियो । त्यसपछिको वर्ष रोपाइँको क्षेत्रफल घटेर ९६ हजार ५३ हेक्टरमा समेटियो ।



गत आवमा ९४ हजार १८२ हेक्टरमा रोपाइँ भएकामा यसवर्ष जम्मा ९३ हजार ६०६ हेक्टरमा रोपाइँ हुने अनुमान प्रदेशको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले गरेको छ । जग्गा खण्डीकरण, बाँझो छाड्ने प्रवृत्ति र खेतीयोग्य जमिनमा बस्ती तथा पूर्वाधार विकासले गर्दा धान खेतीको क्षेत्रफल घट्दै गएको मन्त्रालयका वरिष्ठ कृषि अर्थ विज्ञ शशी अधिकारीले बताउनुभयो । उहाँका अनुसार गण्डकीमा हालसम्म हालसम्म दसमलब २४.९० प्रतिशत रोपाइँ सकिएको छ। गतवर्ष यही अवधिमा २८.२० प्रतिशत रोपाइँ भएको थियो । हिमालपारिको जिल्ला मुस्ताङ र मनाङबाहेक प्रदेशका नौ जिल्लामा धानखेती हुँदै आएको छ। क्षेत्रफल घटे पनि समयमै वर्षात् र रासायनिक मलको उपलब्धता, धानमा प्रकोपजन्य रोग नलाग्नु, सिँचाइ सुविधा, उन्न बीउविजन आदि कारणले धानको उत्पादकत्व भने वृद्धि हुने गरेको छ। प्रतिकूल मौसम, मल अभाव, कमसल बीउविजन जस्ता कारणले धानको उत्पादकत्वमा ह्रास आउने कृषि अर्थ विज्ञ अधिकारीले बताउनुभयो ।

प्रदेशको कूल चार लाख ७९ हजार ६१७ हेक्टर खेतीयोग्य जमिनमध्ये बर्खे र चैते गरी झण्डै एक लाख हेक्टरमा धानखेती हुने गरेको छ । नवलपुर, कास्की, स्याङ्जा, तनहुँलगायत जिल्लामा धान खेतीको क्षेत्रफल बढी छ।

गोरखाको छेवेटार, पालुङटार, आरुघाट, सिरानचोक, लमजुङमा धमिलीकुवा, हर्राबोट, भोर्लेटार, करापुटार, तनहुँको चुँदीफाँट, सत्रसय फाँट, कलेस्तीफाँट, कास्कीको मकैखोला, हाँडीखोला, पामे र लेखनाथ धानको पकेट क्षेत्र हुन् ।

पर्वतको फलेबास, जलजला, स्याङ्जाको पुतलीबजार, आँधीखोला, गल्याङ, म्याग्दीको भगवती, पिप्ले, घतान, बागलुङको बडिगाड, गलकोट, जैमिनी र नवलपुरको कावासोती, गैँडाकोटलगायतलाई धानका पकेट क्षेत्र तोकिएको छ। गण्डकीमा सावित्री, रामधान, जेठोबुढो, खुमल, सुक्खा, एक्ले, पहेँले, गौरिया, मनुसली, सुनौलो सुगन्धलगायत जातका धानखेती गरिन्छ।

## कोभिडपछि कण्डम वितरणमा तीव्र गिरावट

**पोखरापत्र संवाददाता**

पोखरा, १५ असार

कोभिड-१९महामारीपछिनेपालमा गैरसरकारी संस्था (एनजीओ) तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आईएनजीओ)हरूको सहयोग घट्दै जाँदा गण्डकी प्रदेशमा निःशुल्क कण्डम वितरणमा उल्लेख्य कमी आएको छ।



गण्डकी प्रदेशको प्रादेशिक जनस्वास्थ्य केन्द्र, पोखरा महानगरपालिका स्वास्थ्य महाशाखा, एएचएफको संयुक्त सोमबार पोखरामा आयोजित पत्रकार संगको अन्तरक्रिया कार्यक्रममा प्रादेशिक जनस्वास्थ्य केन्द्र, गण्डकी प्रदेश, पोखराका क्षयरोग तथा कुष्ठ अधिकृत लक्ष्मण बस्यौलाले बताउनु भयो। कोभिडपछि विकास साझेदार संस्थाहरूको सहयोग घटेकाले कण्डम खरिद तथा वितरण प्रभावित भएको उहाँले जनाउनु भयो । केन्द्रको तथ्यांकअनुसार आर्थिक वर्ष २०८०/८१ मा गण्डकी प्रदेशका ११ जिल्लामा २३ लाख ९७ हजार ६९८ वटा कण्डम वितरण गरिएको थियो। यो संख्या २०८१/८२ मा घटेर २२ लाख ६४ हजार १२३ मा झरेको छ भने चालु आर्थिक वर्ष २०८२/८३ को वैशाखसम्म १७ लाख ३३ हजार २५९ वटा वितरण भएको बस्यौलाले जनाउनु भयो। तीन आर्थिक वर्षको तुलना गर्दा कण्डम वितरण कबिर साँढे ६ लाख वटा कण्डम वितरण घटेको देखिन्छ।

जिल्लागत रूपमा सबैभन्दा बढी कण्डम कास्कीमा वितरण हुने गरेको छ । आर्थिक वर्ष २०८०/८१ मा कास्कीमा ५ लाख ११ हजार ७७८ वटा वितरण भएकामा २०८२/८३ मा यो संख्या घटेर ४ लाख ११ हजार ३९ मा पुगेको छ। गोरखा, बागलुङ, तनहुँ, लमजुङ, स्याङ्जा, म्याग्दी, पर्वत, नवलपरासी (पूर्व), मुस्ताङ र मनाङमा पनि वितरण निरन्तर ओरालो लागेको तथ्यांकले देखाएको छ । सबै भन्दा थोरै मनाङमा चालु बर्षको वैशाखसम्म ९ हजार ५ सय ६० वटा कण्डम वितरण गरिएको छ। यो तथ्याङ्क सरकारी स्वास्थ्य सेवा केन्द्र वा वडा कार्यालयहरुबाट वितरण भए पनि यसको नीजि क्षेत्रबाट समेत उत्तिकै रुपमा वितरण हुने गरेको दाबी गरिएको छ । क्षयरोग तथा कुष्ठ अधिकृत बस्यौलाका अनुसार कण्डम परिवार नियोजनको साधन मात्र नभई एचआईभी तथा अन्य यौनजन्य संक्रमण (एसटीआई) बाट जोगाउने प्रभावकारी माध्यमको रुपमा प्रयोग हुने गरेको छ। कण्डम वितरणमा आएको कमीले सुरक्षित यौन व्यवहार प्रवर्द्धनका प्रयासमा चुनौती थपिएको उहाँको भनाइ छ।

कण्डमको नियमित र सही प्रयोगले अनिच्छित गर्भधारण रोक्नुका साथै एचआईभी लगायत यौनजन्य संक्रमण नियन्त्रणमा महत्वपूर्ण भूमिका खेल्ने फिजिसियन डा. राजेन्द्र पौडेलले बताउनु भयो। कण्डमको सहज उपलब्धता सुनिश्चित गर्न सरकार र विकास साझेदारको लगानी आवश्यक रहेको उहाँले बताउनु भयो । एएचएफका कन्ट्री म्यानेजर दिव्याराज जोशीले सरकारले उपलब्ध गराएको कण्डम सहि र लक्षित समुह सम्म पुग्नुपर्नेमा जोड दिनुभयो । एड्स हेल्थ केयर फाउण्डेसनका कार्यक्रम संयोजक डा.गंगा ढकालले एचआईभि शंक्रमितहरुलाई नियमित रुपमा एआरटि सेवा उपलब्ध गराउनु पर्नेमा जोड दिनुभयो । पोखराका अग्रज पत्रकार श्यामनाथ कुवंरको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो।

## नेपाली कफीको राष्ट्रिय प्रदर्शनी तथा कपिङ च्याम्पियन सीप हुँदै

**पोखरापत्र संवाददाता**

पोखरा, १५ असार

'चिनौँ, चाखौँ, अपनाऔँ, प्रवर्द्धन गरौँ' भन्ने नाराका साथ नेपाली कफीको उत्पादन, गुणस्तर र बजार प्रवर्द्धनलाई प्रोत्साहन गर्ने उद्देश्यले पोखरामा 'नेपाली कफीको राष्ट्रिय प्रदर्शनी एवं राष्ट्रिय कफी कपिङ च्याम्पियन सीप' हुने भएको छ।

नेपाल सरकारअन्तर्गत राष्ट्रिय चिया तथा कफी विकास बोर्ड क्षेत्रीय कार्यालय पोखराको आयोजना तथा नेपाल कफी व्यवसायी महासङ्घ र केन्द्रीय कफी सहकारी सङ्घको सहकार्यमा यही असार २० गते पोखरा-५ डुम्रीबोटस्थित बोर्डको क्षेत्रीय कार्यालय परिसरमा बिहानदेखि प्रदर्शनी सुरु हुनेछ।

बोर्डको क्षेत्रीय कार्यालय पोखराका निमित्त क्षेत्रीय निर्देशक चन्द्र पुरीका अनुसार नेपालको कफी वृद्धिलाई बढावा दिने, नेपाली कफीको अन्तरराष्ट्रिय मान्यतालाई बलियो बनाउने र कफी उत्पादक क्षेत्रहरूमा आर्थिक विकास र सामाजिक उत्थानका लागि कार्यक्रमले सहयोग पुग्नेछ।

"नेपालमा कफीखेती र कफी संस्कृतिप्रति बढ्दो आकर्षणलाई मध्यनजर गर्दै कफीको सम्पूर्ण मूल्य श्रृङ्खलाबारे एकै स्थानबाट जानकारी दिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो। कार्यक्रममा देशभरका कफी उत्पादक, किसान, व्यवसायी, सहकारी, प्रशोधनकर्ता, क्याफे सञ्चालक, सरोकारवाला तथा उपभोक्ताको सहभागिता रहनेछ", पुरीले भन्नुभयो।

पोखरा पछिल्लो समय कफीको प्रमुख केन्द्रका रूपमा स्थापित हुँदै गएको उल्लेख गर्दै उहाँले यस अभियानले नेपाली कफीको विशिष्ट पहिचान, गुणस्तर र स्वादलाई राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा प्रवर्द्धन गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा राष्ट्रिय कफी 'कपिङ च्याम्पियन सीप' का विजेतालाई सम्मान गरिनुका साथै कफी नर्सरी तथा बगैँचा अवलोकन, उत्कृष्ट नेपाली कफीको निःशुल्क सार्वजनिक कपिङ, स्पेसियालिटी कफी ब्रुइङ प्रदर्शन, कफी बार उपकरण प्रदर्शनी, निःशुल्क कफी स्वाद परीक्षण, कफी प्रशोधन पहिचान प्रतियोगिता तथा बीउदेखि कपसम्मको सम्पूर्ण कफी मूल्य श्रृङ्खलाको प्रदर्शनी गरिने आयोजकले जनाएको छ।

त्यसैगरी कफीको गुणस्तर सुधारसम्बन्धी अन्तरक्रिया, विज्ञबाट प्राविधिक परामर्श तथा कफीसम्बन्धी मनोरञ्जनात्मक गतिविधिसमेत समावेश गरिएका छन् । कार्यक्रमबाट नेपाली कफीको उत्पादन, गुणस्तर र बजार विस्तार अभियानलाई थप सशक्त बनाउन सहयोग पुग्ने विश्वास लिइएको छ । यसका साथै देशमा कफीको क्षेत्रमा रहेको समस्या समाधान र यसमा रहेका नीतिगत समस्याहरूको गाँठो फुकाउनसमेत प्रदर्शनीले सहयोग पुग्ने बताइन्छ।

कफी उत्पादन एवं खपतका हिसाबले गण्डकी प्रदेश पनि देशमा अग्रपङ्क्तीमा रहेको छ । गण्डकी प्रदेशका ११ जिल्लाहरूमध्ये नौ वटा जिल्लाहरूमा कफीखेती विस्तार भइ उत्पादन हुँदै आएको बोर्डले जनाएको छ । गत आर्थिक वर्ष २०८१/८२ को तथ्याङ्कअनुसार गण्डकी प्रदेशमा एक हजार ४५१ हेक्टर क्षेत्रफलमा गरिएको कफीखेतीबाट १५६ मेट्रिकटन ग्रीन विन उत्पादन भएको थियो । कफी खपतको हिसाबले हेर्ने हो भने बागमती प्रदेश पछाडि सबैभन्दा बढी कफी खपत हुने प्रदेश गण्डकी रहेको छ।

प्रदेशको राजधानीसमेत रहेको पर्यटकीय सहर पोखरामा मात्रै एक हजार ५०० भन्दा बढी कफी क्यााफेमार्फत नेपाली कफी बिक्री वितरण भइरहेको बोर्डका निमित्त प्रमुख पुरीले बताउनुभयो।

## लेकसाइडको श्रीकृष्ण मारवाडी भोजनालयलाई ५० हजार जरिवाना

**पोखरापत्र संवाददाता**

पोखरा, १५ असार


पोखरा महानगरपालिका-६ लेकसाइडस्थित श्रीकृष्ण मारवाडी भोजनालयलाई ५० हजार जरिवाना गरिएको छ । बजार अनुगमनका क्रममा उक्त भोजनालयमा सरसफाइमा लापरवाही, लेबल नभएका खाद्य सामग्री बिक्री-वितरण तथा केही म्याद गुज्रिएका खाद्यवस्तु फेला परेपछि पहिलो पटक सम्झाइबुझाइ गर्दै ५० हजार रुपैयाँ जरिवाना गरिएको जिल्ला प्रशासन कार्यालय कास्कीले जनाएको छ।

उपभोक्ताको गुनासोका आधारमा श्रीकृष्ण मारवाडी भोजनालयमा जिल्ला प्रशासन कार्यालय कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालको नेतृत्वमा सोमबार बजार अनुगमन गरिएको हो । बजार अनुगमनका क्रममा खाद्य सामग्रीको गुणस्तर, सरसफाइ, मूल्यसूची, लेबल, म्याद तथा कानुनी प्रावधानको पालना भए-नभएको विषयमा निरीक्षण गरिएको सहायक प्रमुख जिल्ला अधिकारी बरालले बताउनुभयो । पर्यटकीय क्षेत्रमा गुणस्तरहिन खाद्य पदार्थ बिक्रि हुनुले समग्र पोखरा सहित नेपालको समेत बदनाम हुने हुदाँ यस बिषयमा संचालकलाई पहिलो चरणमा ५० हजार जरीवाना सहित सम्झाई बुझाई गरिएको सहायक प्रमुख जिल्ला अधिकारी बरालले जनाउनु भयो।

यसै क्रममा पोखरा-११ मणिपाल शिक्षण अस्पताल परिसरमा रहेको क्यान्टिन न्यूट्री किचन प्रा.लि. र सर्वगण फुड्स एण्ड किचन प्रा.लि.को पसलमा समेत अनुगमन गरिएको थियो । निरीक्षणका क्रममा लेबल नभएका खाद्य सामग्री बिक्रीका लागि राखिएको, उत्पादन तथा उपभोग मिति स्पष्ट उल्लेख नभएको, मूल्यसूची सर्वसाधारणले देख्ने गरी नराखिएको तथा केही अन्य सुधार गर्नुपर्ने अवस्था भेटिएको अनुगमन टोलीले जनाएको छ।


**बाँकी अन्तिम पृष्ठमा ▶▶**





# स्याङ्‌जाका स्थानीय तहको झण्डै ७ अर्ब बजेट

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १५ असार

जिल्लाका ११ वटै स्थानीय तहले कृषि, पर्यटन र पूर्वाधार विकासलाई प्राथमिकतामा दिदै आर्थिक वर्ष २०८३/८४ को लागि झण्डै ७ अर्ब बराबरको बजेट ल्याएका छन् । विकास पूर्वाधारसँगै सुशासन र डिजिटल सेवा प्रवाहमा जोड दिएका स्थानीय तहले ६ अर्ब ९८ करोड ४२ लाख ८७ हजार ४७३ रुपैयाँ बराबरको बजेट ल्याएका हुन् ।



स्थानीय तहमध्ये ५ नगरपालिका र ६ गाउँपालिकामध्ये सबै भन्दा ठूलो पुतलीबजार नगरपालिकाले पर्यटन क्षेत्रको प्रवर्द्धन र उत्पादनमुखी विकासमा केन्द्रित रहेको जनाउँदै ९६ करोड ७३ लाख १६ हजार चार सयको बजेट ल्याएको छ भने सबै भन्दा कम फेदीखोला गाउँपालिकाले ४० करोड १६ हजार चार सय रुपैयाँ बराबरको बजेट ल्याएको छ । बजेटमार्फत जिल्लाका स्थानीय तहले शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार विकास, रोजगारी सृजना र पर्यटन क्षेत्रको समुचित विकासमा जोड दिएर सुशासन कायम गर्दै डिजिटल सेवा प्रवाह, सामाजिक सुरक्षा तथा स्थानीय उत्पानलाई प्रवर्द्धन गर्ने रणनीति लिएका हुन् । पुँजीगत खर्चको तुलनामा कतै दोब्बर भन्दा बढी त कतै झण्डै तेब्बरको अंकमा चालु खर्चमा बजेट विनियोजन गरेका स्थानीय तहले नीति तथा कार्यक्रममा आकर्षक नारा दिन छुटाएका छैनन् । पूर्वाधार विकाससँगै कृषिमा यान्त्रिकीकरण, तरकारी र फलफूलमा आत्मनिर्भर बन्ने रणनीति लिएको वालिङ नगरपालिकाले चालुतर्फ ६२ करोड ४७ लाख ११ हजार ७३६ र पुँजीगततर्फ २६ करोड ५४ लाख ४८ हजार गरी ८९ करोड एक लाख ५९ हजार ७३६ रुपैयाँको बजेट ल्याएको छ । स्वास्थ्य, शिक्षा, पर्यटन र पूर्वाधारको दिगो विकास र दलहन उत्पादनमा जोड दिएको गल्याङ नगरपालिकाले ८६ करोड ६३ लाख ५० हजार रुपैयाँको बजेट ल्याएको जनाएको छ । पशुपालन, तरकारी उत्पादन र फलफूल खेती विस्तारमा प्राथमिकता दिएको चापाकोट नगरपालिकाले ६६ करोड ४८ लाख ७४ हजार ७२ रुपैयाँको बजेट ल्याएको छ । 'समृद्ध भीरकोटको आधारः कृषि, पर्यटन र आँधीखोलाको उपहार' आकर्षक नारा दिएर भीरकोट नगरपालिकाले कृषि उत्पादनमा वृद्धि, गुणस्तरीय शिक्षा, सडक सञ्जाल विस्तार, खानेपानीको सहज पहुँच, बाह्रै महिना सिँचाइ सुविधा र डिजिटल सेवा प्रवाहलाई सुशासनसँग जोड्दै ५७ करोड ३० लाख ९७ हजार ८८१ रुपैयाँको बजेट ल्याएको नगरप्रमुख गोविन्द कुमार कर्माचार्यले बताए । 'कृषक अनुकूलन परिस्थिति, खेतबारीमा हाम्रो उपस्थिति' भन्ने अवधारणालाई व्यवहारमा उतार्ने प्रतिवद्धता जनाउँदै आँधीखोला गाउँपालिकाले कुल बजेटको चालुतर्फ झण्डै ७० प्रतिशत अर्थात ४३ करोड १२ लाख र करिब ३० प्रतिशत अर्थात १८ करोड ५० लाख पुँजीगत खर्चसहित ६१ करोड ६२ लाख बराबरको बजेट ल्याएको छ ।

सार्वजनिक सेवा प्रवाहलाई चुस्त बनाउँदै स्थानीयलाई गुणस्तरको विकास प्रदान गर्ने लक्ष्य लिएको कालीगण्डकी गाउँपालिकाले चालुतर्फ झण्डै ७० प्रतिशत र पुँजीगत शिर्षकमा करिब ३० प्रतिशत हुने गरी ५६ करोड ८१ लाख ८१ हजारको बजेट ल्याएको गाउँपालिका उपाध्यक्ष सावित्री कोइरालाले बताइन् । कृषि उत्पादन ग्रामीण अर्थतन्त्रको आधार मानेको बिरुवा गाउँपालिकाले चालुतर्फ ३६ करोड ७२ लाख २१ हजार ३८४ र पुँजीगततर्फ १५ करोड ६२ लाख ४७ हजार गरी ५१ करोड ६२ लाख ६८ हजार ३८४ रुपैयाँको बजेट ल्याएको छ ।

विगत चार वर्षमा हासिल गरेका उपलब्धीलाई संस्थागत बनाउँदै कृत्रिम बौद्धिकता (एआइ) को बढ्दो प्रभावलाई आत्मसाथ गर्ने नारा दिएर अर्जुनचौपारी गाउँपालिकाले ४७ करोड ९४ लाख २४ हजार रुपैयाँको बजेट ल्याएको छ । त्यस्तै हरिनाश गाउँपालिकाले चालुतर्फ ३० करोड ५२ लाख र पुँजीगत शिर्षकमा १३ करोड ७२ लाख गरी ४४ करोड २४ लाख रुपैयाँ बराबरको बजेट ल्याएको गाउँपालिकाले जनाएको छ ।

जिल्लाका स्थानीय तहले सार्वजनिक गरेका बजेटमार्फत पूर्वाधार विकाससँगै आधारभूत सेवा प्रवाहलाई समयसापेक्ष सुदृढीकरण गर्ने प्रतिवद्धता जनाएको देखिन्छ । कृषिको उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सृजना, ग्रामीण अर्थतन्त्रको सबलीकरणसँगै दिगो विकासलाई केन्द्रमा राख्दै स्थानीय तहले बजेट सार्वजनिक गरेको स्थानीय बुद्धिजीवीको बुझाइ छ । नीति तथा कार्यक्रममार्फत अर्जुनचौपारीले उत्पादनमुखी क्षेत्रमा संलग्न परिवारलाई प्रतिमहिना ५० युनिटसम्म विद्युत महशुलमा छुट दिने घोषणा गरेको छ । गाउँका युवालाई विदेश जानबाट रोक्न बाँझो जमिनमा खेती गरे प्रतिरोपनी ३ हजारसम्म अनुदान दिदै आएका फेदीखोला र कालीगण्डकी गाउँपालिकाले 'विदेश होइन्, बिजनेश' भन्ने अभियान चलाउने भएका छन् । 'घर-घरमा रोजगार, होमस्टेबाट आर्थिक सुधार' को माध्यमबाट स्थानीय उत्पादनको ब्राण्डिङ्ग गर्न तयारी थालेका पुतलीबजार, वालिङ, गल्याङ र चापाकोट नगरपालिकाले स्थानीयस्तरमा उत्पादन हुने सुन्तला, कागती, आँप-लिची, किवी, ड्रागन, एभोकाडो, अकबरे खुर्सानी, कफी, केरा, कुरिलो लगायतका उच्च मूल्यका बालीको व्यावसायिक उत्पादनसँगै विस्तार गर्ने लक्ष्य लिएका छन् ।

# पोखराका दुई उत्कृष्ट किसान सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, १५ असार

पोखरा महानगरपालिकाले कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण तथा उत्पादन वृद्धिमा उल्लेखनीय योगदान पुर्याएको भन्दै दुई जना किसानलाई 'महानगर उत्कृष्ट कृषक सम्मान' प्रदान गरेको छ ।



पोखरा-२१ कृस्तीस्थित कृस्ती हिल कृषि तथा पशुपालन फार्मका सञ्चालक ज्ञानबहादुर कार्की र पोखरा-२७ स्थित हेब्रोन लाइभ स्टक फार्मकी सञ्चालक कमला पाल्पाली खड्कालाई नगरप्रमुख धनराज आचार्यले जनही नगद रु २० हजार र सम्मानपत्र प्रदान गर्नुभयो ।

सम्मानित किसान कार्कीले ६५ रोपनी क्षेत्रफलमा मकै, तरबुजा, विभिन्न तरकारी तथा पशुपालन गर्दै आउनुभएको छ । उहाँले २४ रोपनी क्षेत्रफलमा बेमौसमी तरबुजा उत्पादन गरी व्यावसायिक कृषिमा नयाँ सम्भावना देखाउनुभएको छ । वैदेशिक रोजगारीबाट फर्किएपछि कृषि व्यवसाय सुरु गर्नुभएका कार्की अहिले कास्कीका उदाहरणीय व्यावसायिक किसानका रूपमा परिचित हुनुहुन्छ । यसैगरी, सम्मानित किसान खड्काले सञ्चालन गरेको हेब्रोन लाइभ स्टक फार्म आधुनिक तथा वैज्ञानिक प्रविधिमा आधारित नमूना दुग्ध उत्पादन केन्द्रका रूपमा विकास भएको छ । परम्परागत पशुपालनलाई व्यावसायिक र प्रतिस्पर्धी बनाउने उद्देश्यका साथ सञ्चालित फार्मले जैविक सुरक्षा र दिगो कृषि प्रणाली अपनाउँदै स्थानीयस्तरमा दुग्ध उत्पादन, आपूर्ति तथा रोजगारी सृजनामा योगदान पुर्याउँदै आएको छ । करिब ३२ रोपनी क्षेत्रफलमा फैलिएको उक्त फार्ममा उन्नत घाँसखेती, आधुनिक गोठ, दूध दुहुने विशेष कक्ष, दाना भण्डारणगृह, मल तथा जैविक फोहर व्यवस्थापन संरचना र प्रशासनिक भवन निर्माण गरिएको छ । सम्मान कार्यक्रममा नगरप्रमुख आचार्यले कृषिको आधुनिकीकरण र व्यवसायीकरणमार्फत किसानको आय वृद्धि तथा आत्मनिर्भर कृषि प्रणाली निर्माण महानगरको प्राथमिकतामा रहेको बताउनुभयो । "किसानको सम्मानले कृषि पेसाप्रति थप उत्साह र आकर्षण बढ्ने छ", आचार्यले भन्नुभयो । महानगरपालिकाको आर्थिक विकास महाशाखाका प्रमुख मनहर कडरियाले उत्कृष्ट किसानलाई सम्मान गर्नुको उद्देश्य अन्य किसानलाई पनि व्यावसायिक कृषि अपनाउन प्रेरित गर्नु रहेको बताउनुभयो ।

महानगरले साझेदारीमा अनुदान, कृषि उपकरण तथा विभिन्न प्राविधिक सहयोगमार्फत किसानलाई निरन्तर सहयोग गर्दै आएको उहाँको भनाइ छ ।

# पौडेललाई थप तीन दिन थुनामा राखेर अनुसन्धान गर्न अनुमति

**रासस**
काठमाडौं, १५ असार

विशेष अदालतले पूर्वउपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा थप तीन दिन थुनामा राखेर अनुसन्धान गर्न अनुमति दिएको छ ।

विशेष अदालतका न्यायाधीशहरू नारायणप्रसाद पौडेल, हेमन्त रावल र उमेश कोइरालाको इजलासले आज पूर्वअर्थमन्त्री पौडेललाई थप तीन दिन थुनामा राखेर अनुसन्धान गर्न सम्पत्ति शुद्धीकरण अनुसन्धान



विभागलाई अनुमति दिएको हो ।

विशेष अदालतले यसअघि उपाध्यक्ष पौडेललाई सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा सात दिन थुनामा राखेर अनुसन्धान गर्न अनुमति दिएको थियो । आदेशमा भनिएको छ, "सम्पत्ति शुद्धीकरण मुद्दाको अनुसन्धानको क्रममा पक्राउ परेका आरोपी विष्णुप्रसाद पौडेललाई सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट अनुसन्धान प्रयोजनार्थ म्याद थपका लागि पेस भएकोमा आज दोस्रो पटक तीन दिन म्याद थप भएको छ ।"

नेकपा (एमाले) का उपाध्यक्षसमेत रहनुभएका पौडेललाई यही असार ८ गते सुर्खेतबाट पक्राउ गरी काठमाडौँ ल्याएर आज अदालत उपस्थित गराइएको हो । उहाँलाई अनुसन्धानका लागि न्यायिक हिरासतमा राखिएको छ ।

# पण्डित मुक्तिनाथ तिमिसिना आत्मकथा सार्वजनिक

**पोखरापत्र संवाददाता**
पोखरा, १५ असार

पोखराका शिक्षासेवी पण्डित मुक्तिनाथ तिमिसिनाको आत्मकथा केन्द्रित दोस्रो संस्करण सार्वजनिक भएको छ ।

मुक्तिनाथ स्मृति प्रतिष्ठान, पोखराले उनको ११३ औं जन्मजयन्तिको अवसर पारेर आइतबार सो कृति सार्वजनिक गरेको हो । कृतिको बरिष्ठ कलाकार दुर्गा बराल वात्सायनले लोकार्पण गरे । कार्यक्रममा बोल्दै उनले पण्डित मुक्तिनाथसँगको सहकार्यको स्मरण गर्दै, यस क्षेत्रको शैक्षिक तथा सामाजिक विकासमा उनको योगदान महत्वपुर्ण रहेको बताए । बरालले मुक्तिनाथको योगदान र सेवालाई चिरस्थायी बनाउन प्रतिष्ठानले भुमिका खेलेको बताए । उनले पण्डित मुक्तिनाथको जीवनका आरोह अवरोह बुझ्न कृति महत्वपुर्ण हुने अपेक्षा गरे । प्रकासित कृतिको समीक्षा गर्दै प्राध्यापक डाक्टर श्रीधर न्यौपानेले कृतिमा स्वर्गीय तिमिसिनाले समाजमा भोगेका भोगाईले नै आम मानिसलाई पाठ सिकाउने बताए । शिक्षा र समाज विकासको साधना साना तिना कुराले नहुने प्रष्ट पार्दै, त्यो पाठ मुक्तिनाथ गुरुबाट सिक्न सकिने बताए । कृति जोकोहीका लागि पनि प्रेरणाको स्रोत बन्ने न्यौपानेको भनाई छ । पोखरा र विशेष गरी बाटुलेचौर क्षेत्रमा तिम्सिनाको योगदान र उनको जीवनीका विषयमा संस्कृतिकर्मि रामबहादुर बानियाँले चर्चा गरेका थिए । कार्यक्रममा संविधान सभा सदस्य डिवी नेपाली, अधिकारकर्मि निलकण्ठ शर्मालगायतले तत्कालिन समाजमा पण्डित तिम्सिनाले गरेको सामाजिक र जातीय विद्रोहकै जगमा अहिले समाज बिस्तारै चेतना तर्फ लम्किएको बताए ।कार्यक्रममा तत्कालिन लेखनाथ नगरपालिकाका मेयर शालिग्राम पौडेल, पोखराका पुर्व मेयर भोला थापा, कवि दिनेश श्रेष्ठ, गीतकार तीर्थ तमाङ,प्रतिष्ठानका संस्थापक अध्यक्ष रमेश तिमिल्सीना, भीमसेन बस्नेतलगायतको सहभागिता रहेको थियो ।

प्रतिष्ठानका अध्यक्ष प्रकाश शर्माको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत प्रतिष्ठानका सदस्य किरण तिमिल्सीना र संचालन सचिव पुष्पराज तिमिल्सीनाले गरेका थिए । यस अघि प्रतिष्ठानले आत्मकथाको पहिलो संस्करण सार्वजनिक गरेको थियो ।

# लुम्बो हिमशिखरको पहिचान

**रासस**
गोरखा, १५ असार

गोरखाको गणेश हिमाल आसपास नयाँ लुम्बो हिमशिखरको पहिचान भएको छ ।

नेपाली र अमेरिकी पर्वतारोहीको टोलीले यसअघि आरोहण नभएको नयाँ लुम्बो हिमालको आरोहण गरेसगैँ यो हिमशिखरको पहिचान भएको हो । जिल्लाको चुमनुब्री र धार्चे गाउँपालिकाको सीमा आसपास गणेश हिमालकै श्रृङ्खलामा पर्ने छ हजार २५० मिटर अग्लो लुम्बो हिमालको पहिलो पटक सफल आरोहण गरिएको अन्तरराष्ट्रिय पर्वतारोहण पथप्रदर्शक तुलसी गुरुङले जानकारी दिनुभयो ।

हिमालय समिट क्लबद्वारा आयोजित उक्त टोलीका चार पर्वतारोहीले धेरै दिनको अन्वेषण र प्राविधिक आरोहणपछि हिमालको दक्षिण-पश्चिम मोहडाबाट बाटो बनाउँदै असार ८ गते शिखरमा पुग्न सफल भएका हुन् । आरोहण टोलीमा अन्तरराष्ट्रिय पर्वतारोहण पथप्रदर्शक गोरखा लाप्राकका तुलसिंह गुरुङ, सुजल गुरुङ र आशबहादुर गुरुङ तथा अमेरिकी पर्वतारोही एरिक म्याथ्यु सु रहेका थिए । मनास्लु संरक्षण क्षेत्रको उत्तरी छेउ र गणेश हिमाल शृङ्खलाको दक्षिणमा पर्ने धार्चे गाउँपालिकामा अवस्थित लुम्बो हिमालको त्यो पहिलो प्रमाणित आरोहण हो । लुम्बो हिमाल कुनै बस्ती, चिया पसल वा स्थापित पदयात्रा मार्ग नभएको एक दुर्गम उपत्यकामा अवस्थित छ ।

## लेकसाइड...

टोलीले तत्काल लेबलविहीन खाद्य सामग्री बिक्री-वितरण नगर्न, उत्पादन तथा उपभोग मिति स्पष्ट उल्लेख भएका सामग्री मात्र बिक्री गर्न, मूल्यसूची सबैले देख्ने स्थानमा राख्न तथा सम्बन्धित कानुनी व्यवस्था पूर्ण रूपमा पालना गर्न निर्देशन दिएको छ । पुनः अनुगमन गर्दा निर्देशन पालना नभए प्रचलित कानूनबमोजिम कडा कारबाही गरिने चेतावनी पनि दिइएको छ ।

त्यसैगरी अनुगमन टोलीले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (पश्चिमाञ्चल क्षेत्रीय अस्पताल) तथा मणिपाल शिक्षण अस्पताल का क्यान्टिनहरूमा पनि अनुगमन गरेको थियो । अधिकांश स्थानमा लेबल नभएका खाद्य सामग्री बिक्री-वितरण भइरहेको भेटिएकाले त्यस सम्बन्धमा थप अनुसन्धान भइरहेको टोलीले जनाएको छ । बजार अनुगमन टोलीमा कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बराल, पोखरा महानगरपालिकाका स्वास्थ्य महाशाखाका प्रतिनिधि, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय पोखराका खाद्य अनुसन्धान अधिकृत दीपक कुंवर, पोखरा महानगरपालिकाका जनस्वास्थ्य निरीक्षक धर्मराज चौलागाईं, जनस्वास्थ्य निरीक्षक विष्णुराज घिमिरे, जिल्ला प्रशासन कार्यालय कास्कीका नायब सुब्बा नवीनप्रसाद अधिकारी, वडा प्रहरी कार्यालय बैदामका प्रहरी सहायक निरीक्षक पुनित हजारा, राष्ट्रिय उपभोक्ता मञ्च कास्कीका अध्यक्ष राजेन्द्र लिगल तथा पत्रकारको सहभागिता रहेको थियो । जिल्ला प्रशासन कार्यालय कास्कीले उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने होटल, रेष्टुरेन्ट, क्यान्टिन तथा खाद्य व्य वसायमा बजार अनुगमनलाई आगामी दिनमा अझ प्रभावकारी र निरन्तर बनाइने जनाएको छ ।

# गण्डकी प्रदेश सरकारको विनियोजन विधेयक पारित

**पोखरापत्र संवाददाता**
पोखरा, १५ असार

गण्डकी प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को विनियोजन विधेयक बहुमतले पारित भएको छ ।

प्रदेशसभाको आइतबार बसेको बैठकमा आर्थिक मामिलामन्त्री जितबहादुर शेरचनले प्रस्तुत गरेको उक्त विधेयक बहुमतले पारित भएको हो । बजेटको मन्त्रालयगत विनियोजन शीर्षकमा छलफलपछि विधेयक पारित गरिएको हो । यही असार १ गते मन्त्री शेरचनले रु ३२ अर्ब ९९ करोड ९९ लाखको बजेट प्रस्तुत गर्नुभएको थियो ।

बैठकमा मुख्यमन्त्री पाण्डेले आगामी आव २०८३/८४ को बजेट कार्यान्वयनमा स्रोतको कमी नहुने स्पष्ट पार्नुभएको छ । सरकारले यथार्थ र कार्यान्वयनयोग्य बजेट ल्याएको उहाँको भनाइ थियो ।

"स्रोत सुनिश्चित गरेर बजेट ल्याइएको छ, कार्यान्वयनमा स्रोतको कमी हुँदैन", मुख्यमन्त्री पाण्डेले भन्नुभयो ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ ।
– अज्ञात

## सम्पादकीय

## बालबालिकालाई पार्टी सदस्य नबनाऊ

सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रचलित कानुन विपरीत ३५ हजारभन्दा बढी बालबालिकालाई दलको सदस्यता वितरण गरेको प्रतिवेदन सार्वजनिक भएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीको प्रथम महाधिवेशनमा पार्टीका निवर्तमान महामन्त्री कविन्द्र बुर्लाकोटीले बन्दसत्रमा पेस गरेको सांगठनिक प्रतिवेदन अनुसार १८ वर्षभन्दा मुनिका बालबालिका ३५ हजार २५७ जनालाई सदस्यता वितरण गरेको छ । यो रास्वपाको कुल पार्टी सदस्य संख्याको ६.७ प्रतिशत हुन आउँछ । विगतमा अन्य राजनीतिक दलमाथि बालबालिकालाई सदस्यता बाँडेर 'झोले कार्यकर्ता' बनाएको आरोप लगाउँदै आएको रास्वपाले यस्ता राजनीतिक विकृति हटाउने नारा दिए पनि व्यवहारमा उतार्न नसकेको पार्टी सदस्यता सम्बन्धी यो तथ्यांकले देखाउँछ।विश्वविद्यालय र कलेजमा संगठन खोल्न प्रतिवन्द लगाएको रास्वपाको सरकारले आफ्नो पार्टीमा बालबालिकालाई सदस्य बनाउनु द्वैध चरित्र हो ।

रास्वपाले १८ वर्षभन्दा मुनिका बालबालिकालाई पार्टी सदस्यता दिएर कानुनको समेत धज्जी उडाएको छ । राजनीतिक दल सम्बन्धी ऐन र बालबालिका सम्बन्धी ऐनले बालबालिकालाई राजनीतिक दलको सदस्य बनाउन र राजनीतिक उद्देश्यका लागि प्रयोग गर्न पूर्ण रूपमा रोक लगाएका छन् । राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १४ उपदफा २ मा '१८ वर्ष उमेर पूरा भएका नेपाली नागरिक मात्र राजनीतिक दलको सदस्य बन्न योग्य हुने' व्यवस्था छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ उपदफा ७ मा कुनै पनि बालबालिकालाई सशस्त्र द्वन्द्व वा राजनीतिक उद्देश्यका लागि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रयोग गर्न पाइने छैन भनेको छ । 'कुनै पनि बालबालिकालाई सेना, प्रहरी र सशस्त्र समूहमा भर्ना गर्न र प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सशस्त्र द्वन्द वा राजनीतिक उद्देश्यका लागि प्रयोग गर्न पाइने छैन,' उक्त ऐनमा भनिएको छ । नेपालको संविधान र संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्बन्धी अभिसन्धिले १८ वर्षमुनिका बालबालिकालाई आफ्नो हकहितका लागि संघ-संगठन खोल्ने र आबद्ध हुने अधिकार दिए पनि' राजनीतिक दल' मा आबद्ध हुन सक्ने भनेर स्पष्ट लेखेको छैन ।

यति मात्र होइन, नेपालमा १८ वर्षमुनिका बालबालिकालाई चुनावमा मतदान गर्न रोक लगाइएको छ । यस्तो अवस्थामा रास्वपाले भने उनीहरूलाई सदस्यता नै बाँडेको छ । मतदान गर्न कानुनले अयोग्य भनेको उमेर समूहलाई पार्टीको सदस्य बनाउनु कानुनसँग ठाडै बाझिन्छ । पार्टीको यो सदस्यता वितरण कार्य उसैको सरकारले गरेको एउटा निर्णयसँग पनि बाझिएको छ । विद्यार्थीहरूले राजनीति गर्न हुँदैन भनेर विश्वविद्यालयमा हुने स्वतन्त्र विद्यार्थी युनियनको गतिविधिमा रोक लगाएको सरकारकै पार्टीले १८ वर्षमुनिका बालबालिकालाई भने पार्टी सदस्यता वितरण गर्नु विरोधाभाषपूर्ण छ । बालबालिकालाई दलको सदस्यता दिनु कानुनी र व्यावहारिक दुवै हिसाबले गलत हो । उनीहरूको विचार र विश्लेषण गर्ने क्षमता विकास नभइसकेकाले नै संरक्षकको निर्णय आवश्यक पर्ने व्यवस्था गरिएको छ । यस्तो अवस्थामा बालबालिकालाई राजनीतिक दलमा आबद्ध गराउनु उनीहरूको हित विपरीत रहेको छ ।

रास्वपाले कानुन विपरीत १८ वर्षमुनिका बालबालिकालाई सदस्य बनाएको विषय आइतबारको संसद बैठकमा समेत उठेको छ । तपशी सांसदहरूले यसमा कडा विरोध जनाएका छन् । १८ वर्ष मुनिकालाई दल वा समूहमा लगाउने 'यस्तो कार्य गरे ८० हजार रुपैयाँ जरिवाना र ३ वर्ष कैदको व्यवस्था गरिएको छ,' , 'के रास्वपालाई यो व्यवस्था लागू नहुने हो? कि रास्वपा संविधानभन्दा माथि छ ? विद्यार्थीले राजनीति गर्न हुँदैन भनेर स्ववियुसहित विद्यार्थी संगठन खारेज गर्ने तयारी गरेको सरकारले 'आफ्नो दलमा भने बालबालिकालाई सदस्य बनाउने बेइमानी काम हो ।' कलिला विद्यार्थीलाई आफ्नो पार्टीको झोला बोकाउन खोज्नु अनुचित हो ।

'नेपालको संविधान, राजनीतिक दल सम्बन्धी ऐन र बालबालिका सम्बन्धी ऐनले राजनीतिक दलको सदस्य बन्न कम्तिमा १८ वर्ष पूरा भएको हुनुपर्ने स्पष्ट व्यवस्था गरेको छ। नेपाल पक्षराष्ट्र रहेको 'संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धि' तथा बालअधिकार सम्बन्धी विश्वव्यापी स्थापित सिद्धान्तहरूले पनि बालबालिकालाई राजनीतिक तथा दलीय स्वार्थ र दुरूपयोगबाट सर्वथा मुक्त राख्दै उनीहरूको नैसर्गिक बाल्यकाल, संरक्षण र सुरक्षित शिक्षाको अधिकार प्रत्याभूत गर्न निर्देशित गरेका छन् ।'

यी कानुन र अभिसन्धिहरूको पालना एवं रक्षा गर्नु सत्ता र प्रतिपक्ष सबैको साझा दायित्व र साझा जिम्मेवारी हो। त्यस विपरीत कुनै पनि दलले बालबालिकालाई पार्टी सदस्य बनाउँदा देशभित्र सम्बन्धित दलको अनि अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपाल देशकै छविलाई गम्भीर असर पुग्छ भन्ने गहिरो हेक्का राख्न जरुरी छ। प्रधानमन्त्री आबद्ध रहेको दलको सदस्यता विवरणमा संविधान, कानुन र बालबालिका सम्बन्धी अभिसन्धि विपरीत देखिएको कर्म दुःखद मात्रै छैन, आपत्तिजनक र लज्जास्पद पनि छ रास्वपाले बालबालिकालाई पार्टी सदस्य बनाउने काम बन्द गर्नुपर्छ ।बनेकाको सदस्यता खारेज गरेर कानुनी शासन पालना गर्ने प्रतिबद्धता जनाउनु आवश्यक छ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : आर्थिक समस्या | मकर | : मानसिक तनाव |
| सिंह | : शत्रुको भय | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : व्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

## असार १६ र १७ गते भारी वर्षाको सम्भावना

रासस
काठमाडौं, १५ असार

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले यही असार १६ र १७ गते देशका विभिन्न स्थानमा भारी वर्षा तथा एकदुई स्थानमा धेरै भारी वर्षाको सम्भावना रहेको जनाउँदै आवश्यक पूर्वतयारी र सतर्कता अपनाउन आग्रह गरेको छ ।

प्राधिकरणले सोमबार सूचना जारी गर्दै अकस्मात बाढी आउनसक्ने खोला तथा खहरेको बाटो हुँदै यात्रा गर्नेलाई सतर्कता अपनाउन आग्रह गरेको हो । यस्तै पहिरोको जोखिममा रहेका स्थान तथा खोला/नदी किनाराका बस्तीका बासिन्दालाई सतर्क रहन प्राधिकरणले अनुरोध गरेको छ । दुई दिन मधेस तथा कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका पहाडी र तराई भूभागका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित भारी वर्षा तथा एकदुई स्थानमा धेरै भारी वर्षाको सम्भावना रहेको प्राधिकरणले जनाएको छ ।

पहाडी र तराई भू-भागका धेरै स्थानमा तथा हिमाली भूभागका केही स्थानमा समेत मेघगर्जन/चट्याङसहित मध्यम वर्षाको सम्भावना रहेको छ । मनसुनी गतिविधि बढेका बेला अकस्मात बाढी, पहिरो, कटान, गेग्रान बहाव, सहरी तथा तराई क्षेत्रमा डुबानको जोखिमसमेत हुने जनाउँदै प्राधिकरणले आवश्यक सतर्कता अपनाउन र पूर्वतयारी गर्न आग्रह गरेको हो । प्राधिकरणले डुबान हुने बस्तीका बासिन्दालाई आवश्यक पर्नासाथ उँचो र सुरक्षित स्थानमा जान तथा तीनवटै सुरक्षा निकाय, स्थानीय तह, स्वयंसेवकलगायत सरोकारवाला सबै निकायलाई प्रतिकार्यका लागि तयारी अवस्थामा रहन अनुरोध गरेको छ । यस्तै जोखिमयुक्त राजमार्ग र सडकमा डोजर, एक्साभेटर, लोडरलगायत साधन तयारी अवस्थामा राख्न तथा पूर्वतयारी, पूर्वकार्य र प्रतिकार्यमा सहयोग गर्ने साभेदार संस्थालाई जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिको सम्पर्कमा रही काम गर्न प्राधिकरणको आग्रह छ । वर्षा र बाढीबारे जानकारी लिन ११५५, विपद्मा मद्दत माग्न ११४९, नेपाल प्रहरी १०० र सशस्त्र प्रहरी बल, नेपालको ११११४ हटलाइन नम्बर मोबाइलमा 'सेभ' गरी आवश्यक परेको अवस्थामा तत्काल फोन गर्न अनुरोध गरिएको प्राधिकरणकी प्रवक्ता शान्ति महतले जानकारी दिनुभयो ।

## लुम्बो हिमशिखरको पहिचान

रासस
गोरखा, १५ असार

गोरखाको गणेश हिमाल आसपासमा नयाँ लुम्बो हिमशिखरको पहिचान भएको छ । नेपाली र अमेरिकी पर्वतारोहीको टोलीले यसअघि आरोहण नभएको नयाँ लुम्बो हिमालको आरोहण गरेसँगै यो हिमशिखरको पहिचान भएको हो ।

जिल्लाको चुमनुव्री र धार्चे गाउँपालिकाको सीमा आसपास गणेश हिमालकै श्रृङ्खलामा पर्ने छ हजार २५० मिटर अग्लो लुम्बो हिमालको पहिलो पटक सफल आरोहण गरिएको अन्तरराष्ट्रिय पर्वतारोहण पथप्रदर्शकतुलसीगुरुङले जानकारी दिनुभयो । हिमालय समिट क्लबद्वारा आयोजित उक्त टोलीका चार पर्वतारोहीले धेरै दिनको अन्वेषण र प्राविधिक आरोहणपछि हिमालको दक्षिण-पश्चिम मोहडाबाट बाटो बनाउँदै असार ८ गते शिखरमा पुग्न सफल भएका हुन् । आरोहण टोलीमा अन्तरराष्ट्रिय पर्वतारोहण पथप्रदर्शक गोरखा लाप्राकका तुलसिंह गुरुङ, सुजल गुरुङ र आशबहादुर गुरुङ तथा अमेरिकी पर्वतारोही एरिक म्याथ्यु सु रहेका थिए । मनास्लु संरक्षण क्षेत्रको उत्तरी छेउ र गणेश हिमाल श्रृङ्खलाको दक्षिणमा पर्ने धार्चे गाउँपालिकामा अवस्थित लुम्बो हिमालको त्यो पहिलो प्रमाणित आरोहण हो । लुम्बो हिमाल कुनै बस्ती, चिया पसल वा स्थापित पदयात्रा मार्ग नभएको एक दुर्गम उपत्यकामा अवस्थित छ । टोलीले चार हजार १५० मिटरमा आधार शिविर र पाँच हजार ४९ मिटरमा उच्च शिविर स्थापना गर्नुअघि मनास्लु पदमार्गबाट चार दिनको पैदल बाटो हिँड्दै सो अभियानको यात्रा तय गरेको स्थानीय वीसबहादुर गुरुङले जानकारी दिनुभयो । पथप्रदर्शक तुलसिंह गुरुङका अनुसार टोलीले हिउँ, चट्टान र बरफको अवस्थाको मूल्याङ्कन गरेपछि दक्षिण-पश्चिम मोहडाबाट आरोहण गर्ने निर्णय गरेको थियो । करिब २० घण्टा लगाएर आरोहण गरेको आरोही मध्यका एक सुजल गुरुङले बताउनुभयो । आठ हजार मिटरभन्दा अग्ला हिमाल आरोहण गर्नुअघि छ हजार मिटर अग्लो हिमाल आरोहणको अनुभव अनिवार्य व्यवस्था गरिएको छ । मनास्लु आरोहण गर्नुअघि धेरैजनाले त्यो हिमाल आरोहण गर्न सक्ने सम्भावना धेरै रहेको आरोही बताउँछन् ।

## जिल्लामा धानखेती हुने क्षेत्रफल बढ्यो

रासस
चितवन, १५ असार

जिल्लामा धान 'जोन'को क्षेत्रफल बढेको छ । राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रम कार्यान्यन एकाइ चितवनका अनुसार आर्थिक वर्ष २०८१/८२ को तुलनामा चालु आवमा धानखेती गर्ने क्षेत्रफल बढेको हो ।

एकाइ प्रमुख महेश रेग्मीका अनुसार गत आवको तुलनामा यस आवमा जोन क्षेत्रमा धानखेती गर्ने क्षेत्रफल ४५० हेक्टर बढेर आठ हजार ९०० हेक्टर क्षेत्रफल पुगेको छ । जिल्लाका चार पालिकामा धान जोन कार्यक्रम लागू गरिएको छ । जिल्लामा धानखेती हुने २७ हजार ३२५ हेक्टर क्षेत्रफलमध्ये सो क्षेत्र धान जोनले लिएको हो । गत वर्ष सो क्षेत्रफलमा लगाइने धानखेतीबाट एक लाख १३ हजार ८३७ मेट्रिक टन धान उत्पादन भएको थियो । कार्यालयले धान जोनका लागि ११ वटा धान रोप्ने मेसिन प्रदान गरेको छ । कृषि विकास कार्यालय चितवनका अनुसार जिल्लामा हाल पाँचदेखि सात प्रतिशत धान रोपाईं भएको छ ।

## रेष्टुराँको खाद्य स्वच्छता स्तरीकरण

पोखरापत्र संवाददाता
दमौली, १५ असार

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय दमौलीले व्यास नगरपालिकाभित्रका १८ वटा होटल तथा रेष्टुराँको आज अनुगमन गरेको छ ।

कार्यालयले खाद्य स्वच्छता तथा गुणस्तरका आधारमा होटलको अनुगमन गरी स्तरीकरण निर्धारण गर्दा पाँच वटा होटलले मापदण्ड पूरा गर्न नसकेको कार्यालय प्रमुख ज्योति आचार्यले जानकारी दिनुभयो ।

स्तरीकरणका लागि होटल तथा रेष्टुराँको भान्साको सरसफाइ, खाद्य सामग्रीको सुरक्षित भण्डारण, व्यक्तिगत सरसफाइँ, खानेपानीको अवस्था, फोहोर व्यवस्थापन, सेवा प्रवाह, खाद्य सुरक्षा मापदण्डको पालना, अभिलेख व्यवस्थापन तथा समग्र सञ्चालन अवस्थाको मूल्याङ्कन गरिएको थियो ।

मूल्याङ्कनमा दमौलीस्थित सिद्धार्थ होटलले 'अति उत्तम (३ स्टार)' स्तर प्राप्त गरेको छ । खाद्य स्वच्छता तथा सेवा गुणस्तरका अधिकांश सूचकमा उत्कृष्ट अङ्क हासिल गरेपछि होटल सिद्धार्थलाई अति उत्तम स्टीकर प्रदान गरिएको छ ।

त्यस्तै मध्यम (एक स्टार) मा व्यास नगरपालिका-५ स्थित मानुङकोट रिसोर्ट, दुनाटपरी रेष्टुराँ, व्यास नगरपालिका-१२ स्थित हाइवे ब्रेक इभी प्वाइन्ट, कैनी भिल्ला क्याफे एण्ड रेष्टुरेण्ट, होटल हाइवे किङ, बबिना होटल एण्ड रेष्टुरेण्ट, ए वान क्याफे र व्यास नगरपालिका-४ स्थित पिस प्याराडाइज स्तरीकरण भएको छ ।

यसैगरी सामान्यमा व्यास नगरपालिका-५ स्थित ग्रिनहिल रेष्टुराँ, होटल ड्रागन, व्यास नगरपालिका-१२ कन्टेनर कफी हब र रइस क्याफे एण्ड रेष्टो स्तरीकरण भएका छन् ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय दमौलीका प्रमुख आचार्यले खाद्य व्यवसायलाई सुरक्षित, स्वच्छ र उपभोक्तामैत्री बनाउने उद्देश्यले नियमित रूपमा स्तरीकरण तथा अनुगमन अभियान सञ्चालन भइरहेको बताउनुभयो । उहाँले खाद्य स्वच्छतामा कुनै किसिमको लापर्वाही नगर्न र कानुनी मापदण्ड पूर्ण रूपमा पालना गर्न सबै होटल तथा रेष्टुराँ सञ्चालकलाई आग्रह गर्नुभयो ।

## सागसब्जी र खसीबोका बिक्रीबाट आठ करोड आम्दानी

पोखरापत्र संवाददाता
पर्वत, १५ असार

महाशिला गाउँपालिकाले सागसब्जी र खसीबोका बिक्री गरी पछिल्लो २० महिनामा रु आठ करोड आम्दानी गरेको छ । पालिका पर्वत जिल्लाकै सबैभन्दा विकट र सानो हो ।

यहाँस्थित छ वटै वडाका आठ सय ८३ कृषकले उत्पादन गरेका सागसब्जी, खसीबोका, स्थानीय जातका कुखुरा र दूध बिक्री गरी उक्त आम्दानी भएको पालिकाका अध्यक्ष इशवरी भुसालले बताउनुभयो । उत्पादित कृषिजन्य वस्तु सदरमुकाम कुश्मा, छिमेकी जिल्ला स्याङ्जा र पोखरामा बिक्री गरिन्छ ।

महाशिलामा उत्पादित सागसब्जी र खसीबोका किन्न पोखराको बिरौटामा रहेका तरकारी पसलमा बिहानैदेखि उपभोक्ता कुरेर बसेका हुन्छन् । गाउँमा उत्पादित स्थानीय जात स्वस्थ्यकर हुने भन्दै ग्राहकको पहिलो रोजाइँ महाशिलाकै उत्पादन बन्ने गरेको पूर्व अध्यक्ष जीवन विक्रम उच्चैले जानकारी दिनुभयो । पालिकाले सागसब्जीमा प्रतिकिलो रु पाँच मासुजन्य वस्तुमा रु २५ तथा दूधमा प्रतिलिटर रु दश अनुदान दिँदै आएको छ । कृषकको उत्पादनको यकिन मापन गर्ने कार्यका लागि गाउँपालिकाभित्रका मुख्य टोलमा ३३ वटा तराजु वितरण गरिएको छ । कृषकको गोठको भकारो सुधार र बाख्राको खोरसुधार कार्यमा ५० प्रतिशत अनुदानको कार्यक्रम सञ्चालन गरिएपछि व्यावसायिक कृषिमा लाग्ने कृषकको आकर्षण बढेको छ । तरकारीखेतीमा लागेका यहाँका हरेक कृषकले न्यूनतम रु दुई लाखदेखि रु दश लाखसम्म आम्दानी गरेका छन् । उत्पादन सङ्कलनका लागि दुई जना बजार प्रतिनिधि पालिकाले नियुक्त गरेको छ। उहाँले कृषकको घर घर पुगी उत्पादन सङ्कलन गर्ने गर्नेगरेका छन् । पालिकाले पूर्णरुपमा कृषिमा आश्रित परिवार र व्यवसायले लिने कृषि ऋणमा लाग्ने ब्याजमा निश्चित अनुदान प्रदान गर्ने कार्यक्रम समेत सञ्चालन गरेको छ ।

## चार जना कृषक पुरस्कृत

रासस
गोरखा, १५ असार

२३औं राष्ट्रिय धान दिवस-२०८३ को अवसरमा आज म्याग्दीका उत्कृष्ट चार जना कृषकहरूलाई पुरस्कृत गरिएको छ ।

कृषिविकास कार्यालय, म्याग्दीले बेनीमा आयोजना गरेको कार्यक्रममा रघुगङ्गा गाउँपालिका-२ का नौबहादुर केसी, बेनी नगरपालिका-३ भकिम्लेका लालबहादुर पुन, बेनपा-१ रत्नेचौरका उमादेवी उपाध्याय र बेनपा-४ सुर्केमेलाका डिलबहादुर खत्रीलाई पुरस्कृत गरिएको हो । सीरबारी कृषि फर्मका सञ्चालक केसीले केरा र मैरीपालन तथा सचिन्द्र कृषि तथा पशुपंक्षी फर्मका पुनले किवी र खुर्सानीखेती गर्नुभएको छ । कृष्ण पशुपंक्षी फार्मका उपाध्यायले भैंसीपालन र केसी बहुउद्देश्यीय कृषि फर्मका डिलबहादुर खत्रीले मौरीपालनका साथै सुन्तला खेती गर्नुभएको छ ।


व्यावसायिक कृषि पेसामा आबद्ध चार जना कृषकलाई प्रोत्साहनका लागि नगद रु १०/१० हजारसहित पुरस्कृत र सम्मान गरेको कृषि विकास कार्यालय, म्याग्दीका प्रमुख सञ्जिव बास्तोलाले जानकारी दिनुभयो । कार्यालय प्रमुख बाँस्तोला, राष्ट्रिय कृषि आधुनिकीकरण परियोजनाका कृषि अधिकृत विक्रम बस्याल र भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रका प्रतिनिधि सुवास रेग्मीले पुरस्कार वितरण गर्नुभएको थियो ।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं. २१ मट्खिान चौका सडक स्तरोन्नती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नाम : मट्खिान चौका सडक स्तरोन्नती**
**उपभोक्ता समितिको नाम : मट्खिान चौका सडक स्तरोन्नती उपभोक्ता समिति, पोखरा-२१, कास्की**
**उपभोक्ता समितिको अध्यक्षको नामः ध्रुव पोखेल**
**सम्पर्क नं : ९८५६०४४०८४**
**जम्मा सदस्य संख्या : ७**
**महिला सदस्य संख्या : ४**
**योजना सम्झौता मिति : २०८२/१२/२५**
**योजना सुरु मिति : २०८२/१२/२६**
**सम्पन्न भएको मितिः २०८३/०२/०५**
**महानगरपालिकाबाट : रु. १५,००,०००/-**
**जनसहभागिता : रु. १,७०,०००/-**
**योजनाको कुल लागत : रु. १६,७०,०००/-**

## एउटै व्यक्तिभएको सूचना



कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं १४ निवासी भारतीय भु.पु. सैनिक नं 05843079X का हेनरी नायब सुवेदार गोविन्द बहादुर महतको श्रीमतिको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर मान कुमारी महत, जन्ममिति २०१९/११/२७ (इ.सं १९६३/०३/११) र निजको श्रीमानको सैनिक अभिलेखमा नामथर मान कुमारी (Man Kumari) जन्ममिति 10-03-1963 उल्लेख भई फरक परेतापनि उल्लेखित फरक फरक नामथर र जन्ममिति गरेको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनि पोखरा महानगरपालिका १४ नं वडा कार्यालय, कास्कीको च.नं. ७५९३ मिति २०८३/०३/११ गतेको सिफारिस पत्रबाट लेखि आएको जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

# सडक पूर्वाधारलाई सुधार गर्दै मालिका गाउँपालिका

**कमल खत्री**
म्याग्दी, १५ असार/रासस

मालिका गाउँपालिकाको केन्द्र दरबाङ बजारको सडकलाई कालोपत्रसहित स्तरोन्नति गर्न सुरु गरिएको छ।

पश्चिम म्याग्दीको मुख्य बजारका रूपमा रहेको मालिका गाउँपालिका–६ दरबाङ बजारभित्रको सडकलाई फराकिलो बनाएर कालोपत्र गर्न लागिएको हो। बजारभित्रको सडक साँघुरो र कच्ची हुँदा हिलो, धुलोको सास्ती र सवारी आवतजावतमा समस्या भइरहेको समयमा कालोपत्र योजना सञ्चालन भएपछि स्थानीयवासी उत्साहित बनेका छन्।

बजारभित्रको सडक कालोपत्र हुने भएपछि स्थानीयवासी आफैँले सडकलाई फराकिलो बनाउन अग्रसर बनेका छन्। सडकको मार्ग खुलेको करिब दुई दशकपछि बजारभित्रको सडक कालोपत्र भएर रूप फेरिन लागेको उद्योग वाणिज्य सङ्घ दरबाङ एकाइका उपाध्यक्ष अमृत सापकोटाले बताउनुभयो। "दरबाङ आफैँमा महत्वको बजार हो, गाउँपालिकाको केन्द्र भएकाले यसको अझ बढी महत्व बढको छ, नालीसहितको सडक बन्ने आशाले स्थानीयवासीमा विकासप्रतिको आशा जागेको छ", उहाँले भन्नुभयो।

विसं २०८२ पुस ३० गते दरबाङको तल्लो बजार कालोपत्रका लागि ठेक्का सम्झौता भएको थियो। सापकोटा बिल्डर्सले रु एक करोड २६ लाख ८२ हजार ८८८ रकममा एक किलोमिटर ४०० मिटर सडक कालोपत्रसहित स्तरोन्नति गर्न ठेक्का सम्झौता गरेको छ। सडकलाई पराकिलो बनाएर नाली निर्माण भइरहेको छ। दरबाङको माथिल्लो बजार दुई वर्षअघि नै कालोपत्र भइसकेको छ। उपल्लो दरबाङको जनप्रिय माविको भवनदेखि बेनी–दरबाङ सडकमा जोडिने उपल्लो दरबाङ बजारको भित्री सडक कालोपत्र गरिएको हो। मालिका गाउँपालिकाले पक्की नाली निर्माण गरी स्तरोन्नति गरेको यस सडकलाई गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले आव २०८०/८१ मा रु ६५ लाख बजेट विनियोजन गरेर कालोपत्र गरेको मालिका गाउँपालिकाका प्रवक्ता अनुप गौचनले जानकारी दिनुभयो। यसअघि गाउँपालिकाको कार्यालयदेखि वडा कार्यालय र उपल्लो दरबाङ जोड्ने सडक ढलान भइसकेको छ। अहिले सञ्चालित सडक कालोपत्र योजना सम्पन्न भएमा दरबाङ बजारभित्रको सडक सहज हुने प्रवक्ता गौचनले बताउनुभयो।

मालिका गाउँपालिकाको सबै वडा र बस्तीमा सडक सञ्जालको पहुँच पुगेको छ। एक वडाबाट अर्को वडा जोडिने गरी सडकको सञ्जाल निर्माण भइरहेका छन्। गाउँपालिका, प्रदेश र सङ्घीय सरकारबाट प्राप्त बजेटलाई पालिकादेखि वडा कार्यालय जोड्ने मुख्य सडकलाई स्तरीय बनाउन परिचालन गरिएको गाउँपालिका अध्यक्ष बेगप्रसाद गर्बुजाले जानकारी दिनुभयो। "गाउँपालिकाको केन्द्र दरबाङदेखि सबै वडाका बस्ती पहाडी भूभागमा समेटिएका छन्, पहिले ट्याकमात्रै निर्माण भएकाले सडकलाई फराकिलो बनाउने, नाली निर्माणसहित स्तरोन्नति गरेर बाह्रै महिना ग्रामीण सडकलाई सञ्चालन गराउने लक्ष्यका साथ सडक स्तरोन्नति योजना सञ्चालन गर्दै आएका छौँ", गाउँपालिका अध्यक्ष गर्बुजाले भन्नुभयो।

यस गाउँपालिकाभित्रका सडक सञ्जाललाई एकापसमा जोडेर चक्रपथसमेत बनाइएको छ। पालिकाको केन्द्र दरबाङस्थित छ्यारछ्यारेदेखि निस्कोट–रुम–पाल्ले–डाँडागाउँ–सोले–सिस्नेरी–देवीस्थान हुँदै दरबाङ फर्कने गरी चक्रपथ तयार भएको छ। दरबाङदेखि बिम–दिच्याम–दुखुलेक–दुखुबैँसी–रातोढुङ्गा भएर दरबाङ फर्कने गरी दोस्रो चक्रपथ निर्माण भएको छ। यस गाउँपालिकाको वडा नं १ निस्कोटबाट ताराखोला जोड्ने सडक निर्माणाधीन अवस्थामा छ भने वडा नं २ रुमबाट ताराखोला सडक सञ्जालले जोडिएको छ। वडा नं ३ डाँडागाउँदेखि वडा नं ४ मा समेटिएको सोलेडाँडा भएर तमानखोला सडक सञ्जालले जोडिएको छ। वडा नं ४ फूलबारी–च्युरीबोट–सिस्नेरी हुँदै सोलेडाँडा हुँदै बागलुङको तमानखोला र वडा नं ५ देवीस्थानदेखि धवलागिरि गाउँपालिकाको ताकम सडक सञ्जालमा जोडिएको छ।

# 'मौरिस हर्जोग' पदमार्गको हुमखोलामा झोलुङ्गे पुल निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, १५ असार

नयाँ पर्यटकीय गन्तव्यका रूपमा विकास भएको अन्नपूर्ण हिमालको आधार शिविर जोड्ने 'मौरिस हर्जोग' पदमार्गअन्तर्गत म्याग्दीको अन्नपूर्ण गाउँपालिका–४ स्थित हुमखोलामा झोलुङ्गे पुल निर्माण भएको छ।

अन्नपूर्ण गाउँपालिकाले निर्माण गरेको ५७ मिटर लामो झोलुङ्गे पुलबाट स्थानीयका साथै मौरिस हर्जोग पदमार्ग भ्रमणमा आउने पर्यटक लाभान्वित भएका छन्। अन्नपूर्ण गाउँपालिकाका उपाध्यक्ष दिवा तिलिजा पुनले नयाँ पुल निर्माण भएपछि काठको फल्याक राखिएको, हल्लिने पुलमा जोखिम मोलेर अन्नपूर्ण खोला वारपार गर्नुपर्ने समस्या अन्त्य भएको बताउनुभयो। "यसअघि एक पटकमा एकदेखि दुई जना मात्र पालो गरेर खोला तर्नुपर्ने समस्या थियो", उपाध्यक्ष पुनले भन्नुभयो, "झोलुङ्गे पुल बनेपछि पदयात्री, पर्यटक र स्थानीयवासीलाई आलोपालो गरेर खोला तर्नुपर्ने बाध्यता हटेको छ।" पर्यटकबाहेक नारच्याङका ५४९ परिवार पुल बनेपछि प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्। पुल निर्माणका लागि एक हजार २२१ जनालाई प्रत्यक्ष रोजगारी सिर्जना भएको उहाँले जानकारी दिनुभयो। सङ्घीय सरकारले रु १३ लाख ८२ हजार ७९५ ससर्त अनुदान र रु एक लाख ८९ हजार ६९३ बराबरको निर्माण सामग्रीसहित अन्नपूर्ण गाउँपालिकाले रु १३ लाख ७४ हजार ४०० अनुदान र उपभोक्ताले रु ७३ लाख ८८० बराबरको श्रमदान गरेका अन्नपूर्ण गाउँपालिकाका सबइञ्जिनियर बालकृष्ण पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार गैससरकारी संस्था मिलन म्याग्दीको प्राविधिक र सामाजिक परिचालन सहयोगमा पुल निर्माण भएको हो।

पदमार्गका अन्य ठाउँमा पनि झोलुङ्गे पुल बनाउन सङ्घीय र प्रदेश सरकारसँग समन्वय गरिएको गाउँपालिकाका उपाध्यक्ष पुनले बताउनुभयो। नारच्याङबाट दुई घण्टा सवारीमार्फत यात्रा गरेपछि पुगिने हुमखोलाबाट अन्नपूर्ण आधार शिविरको पदयात्रा सुरु हुन्छ। अन्नपूर्ण र नीलगिरि हिमालको फेदीबाट बग्ने मिस्त्रीखोलाको किनारैकिनार अग्ला झरना, मनोहक हिमशृङ्खला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै आधार शिविर पुग्न सकिन्छ। दुई दिनमा आधार शिविर पुग्न र तेस्रो दिन फर्कन सकिन्छ। नीलगिरि र अन्नपूर्ण हिमालको फेदीमा रहेको आधार शिविर समथर फाँटमा छ। आधार शिविर मुनि समुन्द्री सतहबाट चार हजार ५० मिटर उचाइमा पञ्चकुण्ड ताल पर्दछ। आधार शिविरको डाँडामा बसेर ताल र हिमाल अवलोकन गर्न सकिन्छ। एक लाख सात हजार ६८४ वर्गमिटर क्षेत्रफलमा फैलिएको ताल अन्नपूर्ण हिमालको हिउँ पग्लिएर आउने पानी सङ्कलन भएर बनेको प्राकृतिक हिमताल हो। अन्नपूर्ण हिमाल र पञ्चकुण्ड ताललाई एकै पटक अवलोकन गर्न पाउनु अन्नपूर्ण आधार शिविरको मुख्य विशेषता भएको मौरिस हर्जोग पदमार्गका अभियन्ता तेज गुरुङले बताउनुभयो।

# मङ्गलाघाटमा बस्ती संरक्षण योजना कार्यान्वयमा



**पोखरापत्र संवाददाता**
म्याग्दी, १५ असार

म्याग्दी नदीको बाढी र कटानको जोखिममा रहेको बेनी नगरपालिका–७ मङ्गलाघाटमा बस्ती संरक्षण योजना कार्यान्वयनमा आएको छ।

जलस्रोत तथा सिँचाइ व्यवस्थापन आयोजना कास्कीले मङ्गलाघाटस्थित म्याग्दी नदीको किनारमा 'कम्पोजित' प्रविधिको पर्खाल निर्माण गरेको हो। मङ्गलाघाटस्थित म्याग्दी नदीको किनारमा ५५ मिटर लामो कम्पोजित प्रविधिको पर्खाल निर्माण भएको आयोजनाका इञ्जिनियर नरजङ गुरुङले बताउनुभयो।

उहाँका अनुसार नदी किनारको तल्लो भागमा चार मिटर अग्लो आरसिसी र माथिल्लो भागमा तीन मिटर अग्लो ग्याबियन पर्खाल निर्माण भएको छ। योजना निर्माणका लागि निर्माण कम्पनीसँग २०८२ फागुन १० गते रु. ९९ लाख १९ हजार २ ९५ मा ठेक्का सम्झौता भएको थियो। यही असार १९ गतेसम्म ठेक्का सम्झौताको म्याद रहेकोमा लक्ष्य अघि नै सम्पन्न भएको हो। इन्धन र निर्माण सामग्रीको मूल्यवृद्धिका बाबजुद उपकरण र मजदुर परिचालन तथा निर्माण सामग्री व्यवस्थापन गरेर समयमै योजना निर्माण गरेको व्यवसायीले बताएका छन्। यसअघि 'गलाघाटमा आयोजना मार्फत विभिन्न चरणमा ५०० मिटरभन्दा बढी लामो पर्खाल निर्माण भइसकेको छ। बेनी बजारको पश्चिमी भागमा रहेको मङ्गलाघाटमा २०० भन्दा बढी घर, सरकारी कार्यालय र कर्मचारी आवास भवन छन्।

बेनी बजारमा कटान र बाढी नियन्त्रण गर्न विगतदेखि नै आयोजना सञ्चालन भएको छ। बेनीलाई सरकारले नदी कटानका हिसाबले जोखिमयुक्त जिल्ला सदरमुकामको सूचीमा राखेको छ। योजनाका प्रमुख विदुर श्रेष्ठले नदी कटान र पहिरोको जोखिममा रहेका म्याग्दी, मुस्ताङ र पर्वतका १७ स्थानमा सालबसाली योजनाहरु निर्माण सम्पन्न हुने चरणमा रहेका बताउनुभयो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १४, श्री ओम शिवशक्ति मन्दिरमा १०८ शिवलिङ्ग निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः श्री ओम शिवशक्ति मन्दिरमा १०८ शिवलिङ्ग निर्माण
ठेगानाः पो.म.न.पा.-१४, चाउथे, बेलचौतारा
योजना सम्झौता मिति : २०८३/०१/०३ गते
योजना सुरु हुने मितिः २०८३/०१/०५ गते
योजना सम्पन्न हुने मितिः २०८३/०३/१५ गते
योजनाको कुल लागतः रु. १०,००,०००।-
महानगरपालिकाबाटः रु.५,००,०००।-
जनसहभागिताबाटः रु.५,००,०००।-
उपभोक्ता समिति अध्यक्षः जगत बहादुर कार्की
सम्पर्क नं.: ९८४६२१०९१६
उपभोक्ता समिति सदस्यः १३ जना महिलाः ५ पुरुषः ८ जना

**श्री ओम शिवशक्ति मन्दिरमा १०८ शिवलिङ्ग निर्माण उपभोक्ता समिति पोखरा-३३**


# आरोग्य पर्यटनका लागि म्याग्दीको भंकासे

**पोखरापत्र संवाददाता**
म्याग्दी, १५ असार

पहाडको उच्च स्थानमा समथर टापु। चारैतिरको भिरालो पाखामा घना जङ्गल। बस्तीदेखि टाढा र एकान्त र शान्त वातावरण। पृष्ठभूमिमा देखिने अग्ला पहाड र हिमशृङ्खलाहरू। चराचुरुङ्गीहरूको चिरचिर आवाज। यो ठाउँ हो म्याग्दीको बेनी नगरपालिका–१० पाल्लेखेतमा रहेको भंकासे।

यो ठाउँ परापूर्वकालमा ऋषिमुनिहरूले तपस्या गरेर ज्ञान आर्जन गरेको धार्मिक र पर्यटकीय ठाउँ हो। प्राकृतिक हिसाबले सुन्दर, मनोहक र धार्मिकरुपमा महत्वपूर्ण मानिएको भंकासे पूर्वाधार, प्रचारप्रसार र पर्यटकको पर्खाइमा छ।

पाल्लेखेतको वाखेत टोलको शिरमा समुद्री सतहदेखि करिब दुई हजार ६०० मिटर उचाइमा अवस्थित भंकासेको प्रचारप्रसार आवश्यक रहेको स्थानीय लोकबहादुर पुनको भनाइ छ। "पहाडको शिरमा रहेको उक्त स्थानमा जमिन भासिएर प्वाल परेको हुँदा भ्वाङ खसेको भन्दा भन्दै अप्रभंश भएर भंकासे नाम रहने गएको जनविश्वास छ", उहाँले भन्नुभयो।

भंकासेमा पहाड भासिएर ओडार बनेको भ्वाङ छ। भ्वाङको नजिकै करिब १० रोपनी समथर खाली जमिन छ। भंकासेको पृष्ठभूमिमा धौलागिरि, नीलगिरि, अन्नपूर्ण र माछापुच्छ्रे हिमशृङ्खला देखिन्छ। म्याग्दीका साविकका ४१ मध्ये ३५ वटा गाविसको भूगोल यहाँबाट अवलोकन गर्न सकिने स्थानीयवासीहरूको भनाइ छ।

भंकासेदेखि करिब २०० मिटर तल सिद्धको थान रहेको छ। उक्त थानमा तपस्या गरेका ऋषिहरूले देहत्याग गरेको ठाउँमा मन्दिर र धर्मशाला बनाइएको छ। हालपनि त्यहाँ देशका विभिन्न ठाउँबाट ऋषिमुनिहरू ध्यान तपस्याका लागि आउने गरेका छन्। सिन्धुपाल्चोकबाट आएर १२ वर्षदेखि भंकासेमा तपस्या बसेका तपस्वी रुपचन्द्रले सपनामा देखेको आधारमा विश्वशान्ति र विकृतिमुक्त समाजको कामनाका लागि तपस्या गर्न आएको प्रतिक्रिया दिनुभयो।

भंकासे र सिद्धथानमा आश्रमहरू छन्। वाखेतदेखि ३० मिनेटको पैदलयात्रापछि पुगिने सिद्धथानबाट थप १५ मिनेट उकालो हिडेर भंकासे पुगिन्छ। रघुगङ्गा, मङ्गला गाउँपालिका र बेनी नगरपालिकाको सिमानामा पर्ने पर्यटकीयस्थल टोड्केदेखि ४० मिनेटको पैदलयात्रापछि भंकासेमा पुगिन्छ।

बेनी नगरपालिकाले सिद्धथान र भंकासेलाई आरोग्य पर्यटनको अवधारणाअनुसार धार्मिक र पर्यटकीयस्थलको रुपमा विकास गराउन 'एक वडा, एक पर्यटन परियोजना'मा समेटेको वडाध्यक्ष मसविर रोकाले बताउनुभयो। वाखेतदेखि सिद्धथान हुँदै भंकासे जोड्ने पदमार्ग, सिद्धथान जोड्ने सडक निर्माण गरिएको जानकारी दिँदै ऐतिहासिक तथ्यहरू जुटाउनका लागि धर्मगुरुमार्फत खोज अनुसन्धान थालिएको उहाँले जानकारी दिनुभयो।

# सिँचाइ सुविधापछि धानखेतमा कोदो रोप्नुपर्ने बाध्यता हट्यो

**पोखरापत्र संवाददाता**
म्याग्दी, १५ असार

विगतमा धुलोमा धानको ब्याड राखेर बिरुवा उमार्ने म्याग्दीको मालिका गाउँपालिका–७ डाडागाउँका किसान नारायण पाइजाले यसपाली पानीबीउ राख्नुभयो।

डाँडागाउँ नजिकैको देउराली स्थित खेतमा पाइजाले यसपाली असार महिनामै धान रोपाईको तयारी गर्नुभएको छ। "सिँचाइको सुविधा नभएकाले धान खेतलाई बाँझो बस्न नदिन केही बर्ष कोदो पनि रोप्नुपरेको थियो," उहाँले भन्नुभयो "यसपाली सिँचाइ आयोजना निर्माण भएपछि जेठमै पानीमा ब्याड राखेर असारमै धान रोप्ने तयारी गरेको छु।" डाडागाउँका अर्का किसान पलप्रसाद जुजालीले मालिका गाउँपालिका मार्फत चालु आर्थिक वर्ष २०८२/०८३ मा निर्माण भएको चेनवाङ देउराली सिँचाइ आयोजनाबाट पानी आपूर्ति हुन थालेपछि खेतीबालीमा सिँचाइका लागि सहज भएको बताउनुभयो। "पानीको दुःखले खेतबारी बाँझै राख्नुपर्ने अवस्था थियो," उहाँले भन्नुभयो "सिचाई सुविधाले बर्षमा एकबाली मात्र खेती हुने देउरालीको खेतमा अबदेखि दुई/तीनबाली लगाउन सकिने भएको छ।" डाँडागाउँका बासिन्दाहरूले हरेक वर्षको असार महिनाको १६ गते भूमे पूजा गरेपछि औपचारिक रुपमा रोपाइँ सुरु गर्ने चलन छ।

मालिका गाउँपालिकाले प्रदेश विशेष अनुदानमा चेनवाङ देउराली सिचाई आयोजना निर्माण गरेको हो। योजना निर्माणका लागि रु ४० लाख बजेट विनियोजन भएको थियो। आयोजनाबाट ५० घरपरिवार भन्दा धेरै घरपरिवार किसानको करिब एक सय ५० रोपनी जमिनमा सिँचाइ सुविधा विस्तार भएको मालिका गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजाले बताउनुभयो। सिँचाइ सुविधा विस्तारसँगै किसानहरूलाई खाद्यबाली र सुन्तलाजात फलफुल खेती गर्ने किसानलाई प्रभावकारी भएको उहाँले बताउनुभयो। कृषि बालीको उत्पादन वृद्धिमा सहयोग पुग्ने अपेक्षा गर्नुभयो।

चेनवाङ देउराली मालिका गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को प्राथमिकताप्राप्त आयोजना हो। योजना निर्माणका लागि वि.स. २०८२ माघ महिनामा रु. २७ लाख ९७ हजार दुई सय ९५ मा ठेक्का सम्झौता गरेको थियो। यही असार १५ गतेसम्म ठेक्काको म्याद रहेकोमा निर्धारित समयअघिनै योजना सम्पन्न भएको मालिका गाउँपालिकाका सवइञ्जियिर मौसम ठाकुरले बताउनुभयो।

चेनवाङको मुहानमा पानी संकलन गर्ने टंकी, छ वटा इन्टेक निर्माण, एक किलोमिटर आठ सय मिटर एचडिपी र तीन सय ६० मिटर जिआई पाइपमार्फत डाँडागाउँ देउरालीसम्मको खेतसम्म पानी आपूर्ति गरिएको छ। एक सय दश मिलिलिटर क्षमताको पाइप जडान भएको हो।


## शिक्षक आवश्यकता

(दाश्रो पटक प्रकाशित मिति २०८३/०३/१६)

श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय पोखरा-१४, कास्कीका लागि निम्न लिखित रिक्त पदमा यस विद्यालय व्यवस्थापन समितिको मिति २०८३ जेठ १४ गतेको निर्णय अनुसार करार सेवामा शिक्षक नियुक्त गर्न आवश्यक भएकोले योग्यता पुगेका नेपाली नागरिकले यही असार २२ गते अपरान्ह ५:०० बजे भित्र आफ्ना सम्पूर्ण शैक्षिक प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र सहित अन्य आव(श्यक कागजातका प्रतिलिपि संलग्न गरी आफ्नै हस्ताक्षरमा दरखास्त लेखी यस विद्यालयमा बुझाउन अनुरोध छ।

| क्र.स. | पद | तह | विषय | संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | शिक्षक | नि.मा.वि.तह | गणित | १ | कक्षा १२ उत्तीर्ण वा सो सरह |

तलब सुविधा : नेपाल सरकारको नियमानुसार।
परीक्षा दस्तुर : १०००/-
परीक्षा किसिम : लिखित, अन्तरवार्ता र कक्षा अवलोकन
परीक्षा मिति : सम्पर्क मितिमा तोकिने
सम्पर्क मिति : २०८३ साल असार २२ गते
अध्यापन अनुमति पत्र सम्बन्धमा : सम्बन्धित तहको स्थायी अध्यापन अनुमति पत्र अनिवार्य हुनुपर्नेछ।
उमेर हदः दरखास्त बुझाउने अन्तिम मिति सम्ममा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।
परीक्षा दस्तुर वापतको रकम राष्ट्रिय वाणिज्य बैंकको अमरसिंह चोकको विद्यालयको नाममा रहेको खाता नं ३४८०१०००१०७१३००१ मा जम्मा गरेको सक्कल भौचर वा अनलाईन पेमेन्ट भौचर निवेदन सहित संलग्न गर्नुपर्नेछ।
(**नोटः** यो आवासीय विद्यालय भएकाले विद्यालयको छात्रावासमा बसेर सहयोग पुऱ्याउनेलाई प्राथमिकता दिइनेछ।)

**विस्तृत जानकारीको लागि सम्पर्कः**
**श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय**
**पोखरा-१४, कास्की**
**सम्पर्क नं. ९८४६१४७६३६, ९८६६०१०४३६**